## सुचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ र सुचनाको हकसम्बन्धि नियमावाली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

<u>२०८० माघ १ देखि २०८० चैत्र मसान्तसम्म</u>




नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
लमजुङ,बेसीशहर

# स्वतःप्रकाशन

## (Proactive Disclosure)

नेपालको संविधानको धारा २७ मा रहेको सुचनाको हक तथा सुचनाको हक सम्बन्धम ऐन,२०६४ को दफा ५ र सुचनाको हक सम्बन्धी नियमावली २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरूको विवरण ३/३ महिनामा प्रकाश गर्नु पर्ने व्यवस्था रहेको छ।

यसै कानुनी व्यवस्थाको पालनाका साथै जिल्लामा नेपाल सरकारको प्रतिनिधिका रुपमा रहेको जिल्ला प्रशासन कार्यालयले गरेका काम कारवाहीहरूको यथार्थ जानकारी सबै नागरिकहरूमा होस् भन्ने अभिप्रायका साथ यस कार्यालयबाट मिति २०८० माघ १ देखि २०८० चैत्र मसान्तसम्मको त्रैमासिक विवरण समेत समावेश भएको सम्पादन भएका कामको विवरण यहाँ प्रस्तुत गरिएको छ।

जिल्ला प्रशासन कार्यालय
लमजुङ

मितिः२०८० चैत्र ३०

नेपाल सम्बत — ११४४ चिल्लाध्व ४ शुक्रबार

विषय सूची

१.जिल्ला प्रशासन कार्यालय लमजुङको परिचय
२.कार्यालयको काम,कर्तव्य र अधिकार
३.सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी
४.सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि
५.निवेदन,उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी
६.निर्णय उपर उजुरी सुन्ने अधिकारी
७.सम्पादन गरेका कामको विवरण(२०८० माघ-२०८० चैत्रसम्म
८.सूचना अधिकारी र प्रमुखको नाम र पद
९.ऐन,नियम,विनियम वा निर्देशिकाहरूको सुची
१०.तोकिए बमोजिमका अन्य विवरण
११.अघिल्लो आ.व.मा सञ्चालित कार्यक्रमहरू
१२.सार्वजनिक निकायको वेवसाइट
१३.प्राप्त वैदेशिक सहायता,ऋण,अनुदान एवम् सम्झौता सम्बन्धी विवरण
१४.कार्यालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली
१५. कार्यालयमा परेको सूचना माग सम्बन्धी निवेदन
१६.जिल्ला प्रशासन कार्यालयबाट भएका प्रकाशनहरू

# जिल्ला प्रशासन कार्यालय

### लमजुङ

सुचनाको हक सम्बन्धी ऐन ,२०६४ को दफा ५ (३) नियमावली, २०६५ को नियम ३ बमोजिम
प्रकाशित विवरण

## १.जिल्ला प्रशासन कार्यालय लमजुङको परिचयः-

"लमजुङ" जिल्लाको नामाकरण मगर भाषाबाट भएको मानिन्छ। मगर भाषामा लमजुङको अर्थ अग्ला, लामा, ठूला, पहाड तथा पर्वतहरूले बनेको भूमि भन्ने हो। लमजुङ गण्डकी प्रदेशको मध्य भागमा अवस्थित एउटा पर्यटकीय पहाडी जिल्ला हो । लमजुङ जिल्लाको सिमाना पूर्वमा गोरखा, पश्चिममा कास्की, उत्तरमा मनाङ र दक्षिणमा तनहुँ जिल्लासँग जोडिएको छ । भौगोलिक अवस्थितिका हिसावले २८ डिग्री ३ मिनेट उत्तरी अक्षांश देखि २८ डिग्री ३७ मिनेट उत्तरी अक्षांशसम्म र ८४ डिग्री ११ मिनेट पूर्वी देशान्तरबाट ८४ डिग्री ३८ मिनेट पूर्वी देशान्तरसम्म फैलिएर रहेको लमजुङ जिल्लाको कूल क्षेत्रफल १६९२ वर्ग किलोमिटर रहेको छ । समुद्री सतहको ३८५ मिटरदेखि ८१६३ मिटर (मनास्लु हिमाल) सम्मको उचाइमा फैलिएर रहेको यस जिल्लाको भौगोलिक विविधताले गर्दा यहाँको हावापानी र प्राकृतिक वनस्पतीमा पनि विविधता रहेको छ । यहाँ हिमाली हावापानी देखि लिएर उष्ण मनसुनी हावापानीसम्म पाइन्छ ।

राजधानी काठमाडौंबाट पश्चिमतिर अवस्थित लमजुङ जिल्ला काठमाडौंबाट १६० कि.मी.को दूरीमा छ । अहिलेको सदरमुकाम वेशिशहरवाट करिव ३२ कि.मी पश्चिममा रहेको कुन्छा लमजुङको पुरानो सदरमुकाम हो । वि.सं २०२६ सालमा कुन्छावाट जिल्लाको सदरमुकाम वेसीशहरमा सारिएको थियो । समुद्र सतहबाट ८०० मिटर उचाईमा पर्ने यस जिल्लाको सदरमुकाम बेसीशहर तनहुँ जिल्लाको डुम्रे बजारदेखि ४२ किलोमिटर उत्तरमा रहेको छ। लमजुङ बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक र बहुधार्मिक विशेषतायुक्त जिल्ला हो । जातिगत हिसाबले यहाँ बिभिन्न जातिको बसोबास रहेता पनि जनसंख्याको करिव एक तिहाई हिस्सा रहेको गुरुङ समुदायको बाहुल्यता रहेको छ। ४५,९४० हेक्टर खेतीयोग्य जमिन रहेको यो जिल्लामा जलस्रोत र पर्यटन क्षेत्रको समेत प्रचुर सम्भावना रहेको छ । यहाँ प्रशस्त मात्रामा जलविद्युत आयोजनाहरू निर्माणाधीन छन् । अन्नपूर्ण पदमार्गको प्रवेशद्वारका रूपमा समेत रहेको लमजुङ जिल्लाको क्व्होलासोथार गाउँपालिकाका वडा नं. ३,४,५,६,७,८ र ९ साथै मर्स्याङ्दी गाउँपालिकाको वडा नं. १,२,३ र ४ अन्नपूर्ण संरक्षण क्षेत्र भित्र पर्दछन् ।

२०७८ सालको जनगणना अनुसार लमजुङ जिल्लामा ७४०७७ जना पुरुष र ८१७७५जना महिला गरी कूल जनसंख्या १,५५,८५२ जना रहेको छ । यो २०६८ सालको जनसंख्या (१,६७,७२४) को तुलनामा ११,८७२ जनाले कम हो । परिवारको औसत आकार ३.५३ रहेको यस जिल्लामा जम्मा ४४,१७० परिवार संख्या रहेको छ । लमजुङ जिल्लाको लैङ्गिक अनुपात ९०.५९ रहँदा कूल साक्षरता दर ७७.९४ प्रतिशत र जनघनत्व ९२ रहेको छ । प्रतिनिधि सभा निर्वाचन क्षेत्र १ र प्रदेश सभा निर्वाचन क्षेत्र २ रहेको यस जिल्लामा ४ वटा नगरपालिका र ४ वटा गाउँपालिकाहरू रहेका छन् ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
वेसीशहर, लमजुङ

(प्रशासकीय अधिकृत)

## मूल ध्येय (Vision) :-

लमजुङ जिल्लामा शान्ति सुव्यवस्था र अमनचयन कायम राख्दै शान्त र सुशासनयुक्त समाजको स्थापना गरी समृद्ध नेपाल सुखी नेपाली को साझा राष्ट्रिय आकाक्षालाई साकार तुल्याउने।

उद्देश्य (objective):-

१.शान्ति सुव्यवस्था र सुरक्षा (peace, law and Order and security)

२.समन्वय (coordination) र

३.सुशासन (good governance)।

## २.कार्यालयको काम, कर्तव्य र अधिकारः-

कार्यालयको उद्देश्य प्रासि गर्ने सन्दर्भमा जिल्ला प्रशासन कार्यालयका काम कर्तव्य र अधिकारहरू देहाय बमोजिम रहेका छन्

- जिल्लामा शान्ति सुव्यवस्था र सुरुक्षा कायम राख्ने
- आन्तरिक सुरक्षासम्बन्धी नीति योजना र कार्यक्रमको जिल्लास्तरमा कार्यान्वयन गर्ने
- जिल्लास्तरमा नेपाल प्रहरी र सशस्त्र प्रहरी वलको परिचालन गर्ने
- जिल्लास्तरमा नेपाली सेनासँग सुरक्षा समन्वय गर्ने
- राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयसँगको समन्वय गर्ने
- वंशजको आधारमा नेपाली नागरिकता जारी गर्ने
- बैवाहिक अंगीकृत नागरिकता महिलाका लागि जारि गर्ने
- नागिकताको प्रतिलिपी जारी गर्ने
- राहदानी सिफारिस तथा जारि गर्ने
- कानून बमोजिम तोकिएका मुद्दाहरूको शुरी कारवाही रि किनारा गर्ने
- जिल्लास्थित कारागारको सुपरीवेक्षण तथा अनुगमन गर्ने
- गैरसरकारी संस्था दर्ता नवीकरण र नियमन गर्ने
- पत्रपत्रिका तथा छापाखाना दर्ता गर्ने
- नावलिग परिचायपत्र जारी गर्ने
- जिल्लामा रहेका शरणार्थीहरूको लगत राख्ने शरणार्थी परिचयपत्र नवीकरण गर्ने
- शरणार्थीहरूका लागि यात्रा अनुमति पत्र सिफारिस गर्ने
- विदेशी नागरिकको जिल्लामा उपस्थिति र गतिविधिको नियमन गर्ने
- जिल्ला भित्र हुने विभिन्न कार्यक्रमको अनुमति एवम् पुनःकार्यसञ्चालन अनुमति दिने
- ड्रोन क्यामेरा(UAV/DRONE) उडानको अनुमति दिने

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बेसीशहर, लमजुङ

(प्रशासकीय अधिकृत)

- जिल्लामा जडान भएका व्यक्तिगत संस्थागत र सार्वजनिक प्रयोगजनका क्यामेराको लगत राख्ने र सो सम्बन्धबी वार्षिक प्रतिवेदन गृह मन्त्रालयमा पेश गर्ने,
- भारतीय तथा ब्रिटिश सेनामा कार्य गरि निवृत भएका व्यक्ति तथा उनीहरूको परिवारको नाम, थर, उमेर फरक परेको विषयमा सिफारिस लगायत अन्य सिफारिस सम्बन्धी कार्य गर्ने
- विस्फोटक पदार्थ आयातको सिफारिस गर्ने
- रसायनिक पदार्थ आयातको सिफारिस गर्ने
- सवारी साधन सञ्चालन सम्बन्धी कानूनको कार्यान्वयन गर्ने
- हातहतियार र खरखजानाको इजाजत सम्बन्धी सिफारिस र नियन्त्रण गर्ने
- शान्ति सुरक्षाको लागि प्राप्त निवेदन उपर कारवाही गर्ने
- गुनासो तथा विविध उजुरीको सम्बोधन गर्ने
- दलित जनजाति आदि सिफारिस गर्ने
- भ्रष्टाचार नियन्त्रण गर्ने
- कल्याण धन र वेवारिसे धनको व्यवस्थापन गर्ने
- चिठ्ठा ,जुवा आदिको नियन्त्रण गर्ने
- सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारकव रोकथाम सार्वजनिक अपराध आदिको नियन्त्रण गर्ने
- लागुऔषध नियन्त्रण गर्ने
- पुरस्कार तथा सजाय सम्बन्धी कारवाही र सिफारिस गर्ने
- विभिन्न सरकारी कार्यालयहरूसँग समन्वय निरिक्षण तथा अनुगमन गर्ने
- स्थानीय प्रशासनको सञ्चालन गर्ने
- जिल्ला भित्र रहेका नेपाल सरकारका सबै सम्पतिको रेखदेख सम्भार तथा मर्मत गर्ने गराउने
- विपद् व्यवस्थापन गर्ने
- कर्मचारी प्रशासन सम्बन्धी बढुवा समितिको सचिवालयको रुपमा कार्य गर्ने
- द्वन्द प्रभावितको पहिचान तथा राहत वितरण गर्ने
- निर्वाचन सम्बन्धी गृह मन्त्रालय र निर्वाचन आयोगको आदेश निर्देशन कार्यान्वयन गर्ने
- जग्गा अधिग्रहण मुअव्जा निर्धारण तथा समन्वय गर्ने
- आयोजना निर्माणमा सहजीकरण तथा वितरण गर्ने
- जिल्लामा सञ्चालित विकास निर्माण कार्यमा सहयोग र समन्वय गर्ने
- नेपाल सरकारबाट भएका निर्णय र आदेशको कार्यान्वयन गर्ने गराउने
- जिल्लामा अन्य निकायलाई प्रष्ट नतोकिएको भैपरी आउने कार्यसम्पादन गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बेसीशहर, लमजुङ

(प्रशासकीय अधिकृत)

## ३. सेवा प्रदान गर्ने शाखा र जिम्मेवारी अधिकारीः-

| सि.नं | कर्मचारीको नाम,थर | पद | मोबाइल नं. | शाखा |
|---|---|---|---|---|
| १ | बुद्ध बहादुर गुरुङ | प्रमुख जिल्ला अधिकारी | ९८५६०१७७७७ | |
| २ | गोकर्णराज सुयल | स.प्र.जि.अ. | ९८५६०४६६६६ | |
| ३ | संगीता के.सी | प्रशासकीय अधिकृत | ९८५६०४६६६६ | |
| ४ | ईश्वर कुमार गुरुङ | ना.सु. | ९८६३१७११७५ | मुद्दा |
| ५ | नेत्र बहादुर गुरुङ | ना.सु. | ९८४६१८००२९ | नागरिकता |
| ६ | अशोक भण्डारी | ना.सु | ९८४५३६४६३७ | राहदानी |
| ७ | अजय दास | ना.सु. | ९८२४२६६४६५ | नागरिकता |
| ८ | तोयनाथ शर्मा | लेखापाल | ९८५६०३६६८४ | लेखा |
| ९ | श्यामविक्रम न्यौपाने | खरिदार | ९८५६००३७७७ | प्रशासन |
| १० | हरिभक्त वि.क. | खरिदार | ९८६१६३१०८४ | मुद्दा |
| ११ | दिनानाथ अधिकारी | खरिदार | ९८६९०१२६४६ | सचिवालय |
| १२ | निराजन भट्ट | कम्प्युटर अपरेटर | | नागरिकता कम्प्युटर |
| १३ | पूजा गुरुङ | विवरण दर्ता अपरेटर | ९८२४१६११०७ | राष्ट्रिय परिचयपत्र |
| १४ | शैलेन्द्र कुमार साह | विवरण दर्ता अपरेटर | ९८४४०८८२०१ | राष्ट्रिय परिचयपत्र |
| १५ | दिव्यालक्ष्मी गहतराज | सहायक विवरण दर्ता अपरेटर | ९८२६१६३१०४ | राष्ट्रिय परिचयपत्र |
| १६ | मन्दिरा परियार | स.कम्प्युटर अपरेटर | ९८६९६६५७८७ | प्रशासन |
| १७ | नैनासिंह गाहा | हलुका सवारी चालक | ९८४६१२०१९६ | |
| १८ | जीवन गुरुङ | का.स. | ९८४७७३८३३५ | |
| १९ | सुभद्रा श्रेष्ठ | का.स. | ९८६६०२२१८९ | |
| २० | हेम बहादुर भुजेल | का.स. | ९८४६७५३१६७ | |
| २१ | शर्मिला भुजेल | का.स. | ९८४६७५३१६७ | नागरिकता |
| २२ | साजन गुरुङ | का.स. | ९८४१६४२१२६ | प्रशासन र सवारी चालक |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बेसीशहर, लमजुङ

(प्रशासकीय अधिकृत)

## ४.सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः-

नागरिक वडापत्रमा उल्लेख भए बमोजिम हुने।

## ५. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारीः-

निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया

- शान्ति सुरक्षासँग सम्बन्धित उजुरी भए कार्यालय परिसरमा प्राप्त गर्न सकिने निवेदन र आफ्नो नागरिकताको प्रतिलिपी सहित प्रशासन र शान्ति सुरक्षा हेर्ने सहायक प्रमुख जिल्ला अधिकारी समक्ष कोठा नं पेश गर्ने।

## ६. निर्णय उपर उजुरी सुन्ने अधिकारीः- प्रमुख जिल्ला अधिकारी श्री कोठा नं. १

## ७.सम्पादन गरेका कामको विवरण (२०८० माघ १-२०८० चैत्र मसान्तसम्म)

**कार्यालयबाट नियमित रुपमा सम्पादन भएका कामको विवरण**

(आ.व. २०८०/८१ को माघ १ देखि चैत्र मसान्तसम्मको पहिलो त्रैमासिक कार्यप्रगति विवरण )

### १.नयाँ नागरिकता

| सि.नं. | नागरिकताको किसिम | संख्या |
|---|---|---|
| १ | बंशज | ९४८ |
| २ | बैवाहिक अंगिकृत | ० |
| ३ | जन्मसिद्ध जन्मसिद्धका आधारमा ना.प्र.प्राप्त गरेको वंशजको नागरिकता | ० |
| ४ | बाबुको पहिचान नभएको | २ |
| ५ | गैर आवासीय नेपाली नेपाली नागरिकता | ९ |
| जम्मा | | ९५९ |

### २.नागरिकता प्रतिलिपी

| सि.नं. | नागरिकताको किसिम | संख्या |
|---|---|---|
| १ | बंशज | १२५७ |
| २ | बैवाहिक अंगिकृत | ० |
| ३ | जन्मको आधारमा | ० |
| जम्मा | | १२५७ |

### ३. राहदानी विवरण

| सि.नं. | कामको विवरण | संख्या |
|---|---|---|
| १ | राहदानी वितरण | १८७४ |
| २ | राहदानी दर्ता | १८८० |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बेसीशहर, लमजुङ

(प्रशासकीय अधिकृत)

## ४.नावालक परिचायपत्र

| सि.नं. | कामको विवरण | नावालक परिचय पत्र संख्या |
|---|---|---|
| १ | नावालक परिचयपत्र | ८८ |

## ५.संस्था,छापाखाना तथा पत्रपत्रिका

| सि.नं. | कामको विवरण | मिति २०८० माघ१ देखि चैत्र मसान्त सम्म |
|---|---|---|
| १ | संस्था दर्ता | २० |
| २ | संस्था नविकरण | १६७ |
| ५ | संस्था खारेजी | ० |

## ६.मुद्दा

| मुद्दाको प्रकार | फैसला हुन बाँकी र दर्ता भएका मुद्धा | | | फैसला/निर्णय/सदरस्याहा | | | |
|---|---|---|---|---|---|---|---|
| | गत आ.व.बाट सरी आएका | मिति २०८० साउन १ देखि चैत्र मसान्त सम्म | जम्मा | गत आ.व को | मिति २०८० साउन १ देखि चैत्र मसान्त सम्म | बाँकी गत आ.व. | मिति २०८० साउन १ देखि चैत्र मसान्त सम्म |
| अभद्र व्यवहार | १६ | १६ | ६ | ९ | १० | ७ | |

## ७. प्रशासन शाखाको विवरण

| सि.नं. | कामको विवरण | मिति २०८० माघ१ देखि चैत्र मसान्त सम्म |
|---|---|---|
| १ | आदिवासी/जनजाति/मुस्लिम/दलित सिफारिस | २०३ |
| २ | हातहतियार ईजाजतपत्र नविकरण | ५२ |
| ३ | नयाँ हातहतियार दर्ता | ० |
| ४ | हातहतियार नामसारी | ४ |
| ५ | भारतीय पेन्सनरको पारिवारिक विवरण सिफारिस | ४२७ |
| ६ | SEE Certificate मा विवरण सच्याउन निर्णय पर्चा | १२ |
| ७ | निरीक्षण गरिएका सरकारी कार्यालय एवम् प्रहरी कार्यालयहरू | १२ |
| ८ | बजार अनुगमन | ३ |
| ९ | विस्पोटक पदार्थको इजाजतपत्र नविकरण | १८ |

## ८ राष्ट्रिय परिचयपत्र शाखा

| सि.नं. | कामको विवरण | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|
| १ | राष्ट्रिय परिचयपत्र आवेदन दर्ता | १४७८ | १२५४ | १२०२ |
| २ | राष्ट्रिय परिचयपत्र वितरण | ३९ | २६ | ३५ |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बेसीशहर, लमजुङ

(प्रशासकीय अधिकृत)

९. यस आ.व 2080/081 को तेस्रो त्रैमासिकको अन्तिमसम्मको अख्तियार दुरुपयोगसँग सम्बन्धित उजुरी पर्छ्यौटको विवरण

| क्र.सं | आयोगको च.न. र मिति | संक्षिप्त व्यहोरा | यस कार्यालयमा पत्र प्राप्त मिति | कार्यसम्पादन को अवस्था |
|---|---|---|---|---|
| 1 | pkr-7980-4242, मिति 2079/04/20 पोखरा। | बेसीशहर न.पा. अन्तर्गतका वडाहरुमा हाते रसिदको प्रयोग सम्बन्धमा। | मिति 2079/05/08 | सम्पन्न भएको। |
| 2 | pkr-7980-50172, मिति 2080/01/08 | कालिका वचत तथा ऋण सहकारीमा अनियमितता भएको सम्बन्धी। | मिति 2080/01/17 | सम्पन्न भएको। |
| 3 | pkr-7980-52409, मिति 2080/0/20 | देउराली कृषि सहकारीमा अनियमितता भएको सम्बन्धी। | मिति 2080/02/02 | प्रक्रियामा रहेको। |
| 4 | pkr- 59456, मिति 2080/02/23 | क्वहोलासोथार गा.पा. औषधी खरिद अनियमितता | मिति 2080/02/23 | सम्पन्न भएको। |
| 5 | टङ्गाल-58726, मिति 2080/02/21सम्पत्ति विवरण | निर्णय कार्यान्वयन सम्बन्धमा। | मिति 2080/02/30 | सम्पन्न भएको। |
| 6 | टङ्गाल6930, मिति 2080/03/31 | खासुर सामुदायिक वन अनुसन्धानका सम्पूर्ण कागजातको प्रतिलिपि पाउँ भन्ने | मिति 2080/04/09 | सम्पन्न भएको। |
| 7 | pkr- 69166, मिति 2080/03/31 | लमजुङ अस्पतालमा औषधी खरिद लगायतको विषयमा अनियमितता सम्बन्धी | मिति 2080/04/9 | प्रक्रियमा रहेको। |
| 8 | पोखरा-30694, मिति 2080/09/01 | राइनास नगरपालिकामा बाल मनोपरामर्श विज्ञ नियुक्ति लगायतमा अनियमितता सम्बन्धी | मिति 2080/09/11 | प्रक्रियमा रहेको। |
| 9 | पोखरा-35939, मिति 2080/09/24 | आवश्यक कारवाही सम्बन्धमा। | मिति 2080/09/24 | सम्पन्न भएको। |

## अन्य महत्वपूर्ण कार्यहरू

१.अतिविशिष्ट व्यक्तित्वहरूको भ्रमाणको समयमा त्रुटीरहीत सुरक्षा व्यवस्थापन ग.रेएको।

२.कार्यालयमा सेवाग्राहीको चाप बढेको र कर्मचारीहरू सेवाग्राहीहरू समेतको स्वास्थ्यको ख्याल राख्दै पर्याप्त मात्रामा स्यानिटाइजर सहित डस्पेन्सरको व्यवस्थाका साथै मास्कको व्यवस्था समेत गरिएको छ।

३.मिठर व्याजी सम्बन्धी उजुरीहरूमा दुवै पक्षलाई बोलाई छलफल गरिएको छ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बेसीशहर, लमजुङ

(प्रशासकीय अधिकृत)

४.नयाँ नागरिकता तथा प्रतिलिपी नागरिकताको अनुसूची लगायतका कागजातहरूको स्क्यान गरी अभिलेख राखे गरिएको छ।

## ८. सूचना अधिकारी र प्रमुखको नाम र पदः-

प्रमुख जिल्ला अधिकारी श्री बुद्ध बहादुर गुरुङ (९८५६०१७७७७)

सुचना अधिकारी श्री गोकर्ण राज सुयल (९८५६०४६६६६)

## ९. ऐन,नियम,विनियम वा निर्देशिकाहरूको सूचीः-

- नेपालको संविधान
- स्थानीय प्रशासन ऐन,२०२८
- नागरिकता ऐन, २०६९ र नियमाबली २०८०
- हातहतियार तथा खरखजाना ऐन,२०१९ तथा वियमावली २०२८
- जिल्ला प्रशासन कार्यालय एवम् प्रमुख जिल्ला अधिकारी संयोजक/सदस्य रहने प्रचलित कानूनहरू
- राजमार्ग सडक मा हुने अवरोध हटाउन गर्नुपर्ने सुरक्षा कारवाहीको कार्यविधि २०७५
- मानवरहित हवाई उपकरण(REMOTELY PILOED AIRCRAFT (RPA) POPULARLY KWOWN AS DRONEउडान सम्बन्धी कार्यविधि२०७५
- CCTV जडान तथा सञ्चाचल सम्बन्धी कार्याविधि २०७२ मिति २०७५२/१०/२४ को संशोधन सहित
- विस्फोटक पदार्थको आयात ओसार-पसार सञ्चय प्रयोग सम्बन्धी इजाजत प्रदान गर्ने कार्यविधि २०७३
- रसायनिक पदार्थको आयत ओसार-पसार सञ्चय प्रयोग सम्बन्धी इजाजत प्रदान गर्ने कार्यविधि २०७३

**१०.तोकिए बमोजिमका अन्य विवरणः-** छैन।

**११.अघिल्लो आ.व.मा सञ्चालित कार्यक्रमहरुः-** नरहेको।

**१२.सार्वजनिक निकायको वेवसाइटः-**

जिल्ला प्रशासन कार्यालय लमजुङको वेवसाइट www.daolamjung.gov.np रहेको छ।

**१३.प्राप्त बैदेशिक सहायता ऋृइ अनुदान एवम् सम्झौता सम्बन्धी विवरण छैन।**

**१४.कार्यालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावलीः-**

मुद्दासँग सम्बन्धित तथा अनुसन्धानको क्रममा रहेका विवारणहरू सरोकारवाला व्यक्तिलाई मात्र उपलब्ध गराउन सकिने छ साथै अदालत वा माथिल्लो निकायको आदेश भएमा बाहेक नागररिकता र संस्थासँग सम्बन्धित विवरण सम्बन्धित व्यक्ति र संस्थालाई बाहेक उपलब्ध गराईने छैन्।

**१५.कार्यालयमा परेको सूचना माग सम्बन्धी निवेदनः-**

- माग नभएको ।

**१६.जिल्ला प्रशासन कार्यालयबाट भएका प्रकाशनहरुः-**

प्रस्तुत विवरण जिल्ला प्रशासन कार्यालय लमजुङको वेवसाइट www.daolamjung.gov.np मा हेर्न सकिने छ।

फोन नः- ०६६-५२०२५५

फ्याक्सः-

नागरिकता अभिलेख भिडान तथा Help Desk को लागिः-

कार्यालयसँग सम्बन्धित अन्य विषयको लागि

इमेलः- अभिलेख भिडान तथा सामान्य विवरणको लागिः-daolamjung@moha.gov.np

सुरक्षासँग सम्बन्धित एवम् गोप्य विवरणको लागिः-

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बेसीशहर, लमजुङ

(प्रशासकीय अधिकृत)